सितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
...अर्घाखाँची
लुम्बिनी प्रदेश, ...

**मिति २०८१/०२/१६ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. विपद अर्न्तगत गौरव/प्राथमिकता प्राप्त आयोजनालाई नदिजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा ।
२. विपद् अर्न्तगत नदिजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा ।
३. आ.व. २०८१/८२ को नगरसभाको वजेट सम्बन्धमा ।
४. स्थानीय बाल अधिकार समिति गठन सम्बन्धमा ।
५. वडा नं. ११ को एकिकृत वस्ती विकास सम्बन्धमा ।
६. विपद सम्बन्धि कार्ययोजना सम्बन्धमा ।
७. औद्योगिक ग्राम सम्बन्धमा ।
८. विविध सम्बन्धमा ।

**बैठकका निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा सडक डिभिजन शिवपुर कपिलवस्तुको च.नं. ६४९ मिति २०८१/२/६ गतेको प्राथमिकता प्राप्त आयोजना विक्रमसोता दमार मन्द्रे सुपाखोला खाचीकोट नुवाकोट अर्घाकोट बल्कोट सडक निर्माणको लागि आवश्यक नदीजन्य निर्माण सामग्री श्री रायमाझी प्रदिप जे.भी रुपन्देहीलाई उपलब्ध गराई दिन भनि सिफारिस भइ आएको छ ।

उक्त निर्माण कम्पनीले  सडक कालोपत्रे हुन लागेकोले सो सडक कालोपत्रे गर्नको लागी खोलाको वेस र सव वेस नियमानुसारको दस्तुर लिई ५००० घ.मी उपलब्ध गराई दिन भनि माग गरेकोमा वडा कार्यालयमा भएको सर्वदलिय बैठकको निर्णय सहित वडा कार्यालयले बाणगंगा खोला विक्रमको चेकड्याम भन्दा करिव ३०० मिटर माथि मुन्द्रिवासको पुच्छारमा खोलाको विचमा थुप्रिन गएको नदिजन्य पदार्थको कारण खोला उकास भई दुवै तर्फ जमिन कटान गरिरहेकोले उक्त थुप्रिएको नदिजन्य पदार्थ निकाली प्रयोग गरी खोला च्यानलाईज गर्न भनि लेखी आएपश्चात सो समेतका विषयमा नगर स्तरीय विपद् व्यवस्थापन समिति बैठक, कार्यपालिका बैठक हुदै जिल्ला विपद् व्यवस्थापन समितिबाट समेत मेशिन प्रयोग गरी उक्त क्षेत्रको नदिजन्य पदार्थ हटाई खोला च्यानलाइज गर्ने भन्ने समेतको निर्णय भएको अवस्था छ ।

यस नगरपालिकाको वडा नं. १४ मा पर्ने वाणगंगा खोला विक्रमको चेकड्याम भन्दा करिव ३०० मिटर माथि मुन्द्रिवासको पुच्छार क्षेत्रमा खोलाको विचमा थुप्रिएको नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट प्राविधिक प्रतिवेदन अनुसार प्राविधिकले तोकेको क्षेत्र भित्र वडा जनप्रतिनिधि तथा प्राविधिकको प्रत्यक्ष रेखदेखमा १ (एक) वटा मेशिन प्रयोग गरी माग अनुसार प्राथमिकता प्राप्त आयोजना अर्न्तगत विक्रम मुन्द्रिवास क्षेत्रमा प्रयोग गर्ने गरी नेपाल सरकारको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विकी तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२ बमोजिम ५००० घ.मी. प्रदेश सरकारको आर्थिक ऐनमा तोकिएबमोजिमको राजश्व रकम लिई श्री रायमाझी/प्रदिप जे.भी रुपन्देहीलाई उपलब्ध गराउने निर्णय गरियो ।

प्रमाणित प्रतिलिपी

## निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विभिन्न खोलाहरुको नदीजन्य पदार्थ उत्खनन्, संकलन र विकीको लागि ठेक्का पट्टा व्यवस्थापन तथा गौरवका आयोजनालाई दिई कार्य भई रहेका तपशिलका खोलाहरुको तोकिएको क्षत्रमा कार्य भई रहेको अवस्था छ । खोलाको बिच भागमा ठूला/ठूला ढुङ्गा रहेको कारण नदिजन्य पदार्थ थुप्रिनगई खोलाले दुबै तर्फ जग्गा कटान गर्दै आएको र उक्त बिचको ढुङ्गा मिस्कट हटाई खोलाले कटान गरेको क्षेत्रमा साईड लगाउने र विचको नदिजन्य पदार्थ हटाई खोला बिच भागबाट बगाई विपद् जोखिम नियन्त्रण गर्न भनि स्थानीय बासीको मागका आधारमा नगरस्तरीय विपद् व्यवस्थापन समिति बैठक, कार्यपालिका बैठकबाट निर्णय भई जिल्ला विपद् व्यवस्थापन समितिबाट समेत आवश्यक्ता बमोजिम मेशिन प्रयोग गरी हटाउने भन्ने निर्णय भएकोले तपशिलका सम्झौता भएका खोलाहरुको तोकिएको क्षेत्र भित्र मेशिन प्रयोग गरी सम्झौता अनुसारको परिमाणमा बढि नहुने गरी नदिजन्य पदार्थ लैजान र ठूला/ठूला ढुङ्गा किनारामा लगाई खोला बिचबाट बग्ने गरी वडा जनप्रतिनिधि तथा प्राविधिकको प्रत्यक्ष रेखदेखमा च्यानलाईज गर्ने कार्यको लागि मेशिन प्रयोग गर्न दिने निर्णय गरियो ।

### तपशिल

(क) बाणगंगा खोला जरीकुना क्षेत्र आवश्यक्ता बमोजिम बढिमा १ वटा मेशिन प्रयोग गर्न दिने ।

(ख) खयरभट्टी खोला तल्लो गाउँको पुच्छार क्षेत्र आवश्यक्ता बमोजिम १ वटा मेशिन प्रयोग गर्न दिने ।

## निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा राजश्व परामर्श समिति समेतका आधारमा श्रोत अनुमान समितिबाट पेश भएको अनुमानित श्रोत बमोजिम आगामी आ.व.को लागि वजेट निर्माण गर्ने सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा उक्त प्रस्तावको सन्दर्भमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा संघीय आयोजना कार्यान्वयन इकाई सिद्धार्थनगर रुपन्देहीको पत्रबाट यस नगरपालिकाको वडा नं. ११ को विभिन्न वस्ती एकिकृत गर्ने कार्यको लागि केही विषयमा स्पष्टता माग गरेकोमा पत्रमा माग भएबमोजिम उक्त बस्तीहरु सोही वडा भित्रै सहज क्षेत्रमा एकिकृत वस्ती विकास गर्न सकिने भएकोले एकिकृत वस्ती विकास कार्यक्रम अगाडी बढाई दिन तपशिल बमोजिमको विवरण सहित आयोजना कार्यान्वयन इकाईलाई लेखि पठाउने निर्णय गरियो ।

### तपशिल

| स्तानान्तरण गर्नु पर्ने वस्तीको नाम | घर धुरी संख्या | परिवार संख्या | एकिकृत वस्ती विकास गर्ने स्थान | जग्गा उपलब्धता | जग्गाको स्वामित्व | न्यूनतम पूर्वाधारको उपलब्धता |
|---|---|---|---|---|---|---|
| गाइघाट | ४ | १९ | खयरभट्टी/मौवाबारी | सार्वजनिक जग्गा | निजी | भएको |

प्रमाणित प्रतिलिपी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बोक्से | ३ | ९ | खयरभट्टी/मौवाबारी | सार्वजनिक जग्गा | निजी | भएको |
| ओखटे | ६ | ३४ | खयरभट्टी/मौवाबारी | सार्वजनिक जग्गा | निजी | भएको |
| चिउरीदमार | २ | ११ | खयरभट्टी/मौवाबारी | सार्वजनिक जग्गा | निजी | भएको |
| सिमलदिप | ४ | २३ | खयरभट्टी/मौवाबारी | सार्वजनिक जग्गा | निजी | भएको |
| काब्रादिप | २ | १५ | खयरभट्टी/मौवाबारी | सार्वजनिक जग्गा | निजी | भएको |
| बेलदमार | २४ | १३३ | खयरभट्टी/मौवाबारी | सार्वजनिक जग्गा | निजी | भएको |

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस शितगंगा नगरपालिकाले सरोकारवालाहरु समेतको छलफलबाट तयार गरेको शितगंगा नगरपालिकाको मनसुनजन्य विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८१ र विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा कार्यपालिकाको मिति २०८१/१/२ गतेको बैठकबाट यस नगरपालिकाको वडा नं. १३ को थाप्लेवारीमा औद्योगिक ग्राम निर्माणको लागि डिपिआर तयार भई प्रदेश हुदै संघीय सरकारले औद्योगिक ग्राम घोषणा गरी गत आ.व.मा नै रु १ करोड वजेट कार्यान्वयनको लागि निकासा प्राप्त रकमबाट पहिलो चरणमा बाटोले घेरिएको औद्योगिक ग्रामको जग्गालाई तारवार लगाउने गेट निर्माण गरी जग्गा संरक्षण गर्ने र पहुँच मार्गको कार्य समेत गर्ने गरी कार्यान्वयन प्रकृया अगाडी बढाउने भनि निर्णय भएकोमा औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ मा औद्योगिक ग्रामको सडकको मापदण्ड को (१) मा औद्योगिक ग्रामबाट राजमार्गसँग जोड्ने पहुँचमार्गको न्यूनतम चौडाई १० मिटरको हुनु पर्ने भन्ने भएको तर पहाडमा १० मिटरको बाटो हुन निक्कै कठिन हुने भएको र हाल ओद्योगिक ग्राम हुदै अन्तर जिल्ला जोड्ने सडक सामान्य ग्राभेल भएकोले सोही सडकलाई कम्तीमा ७ मिटरको चौडाईमा सहायक राजमार्गबाट कालोपत्रे तथा ढलान गरी पहुँच मार्ग निर्माण गर्न उद्योग मन्त्रालयमा सहमती माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**(क)** शितगंगा नगरपालिका वडा नं ३ मा रहेको ठाडा दमरुदह संरक्षणको लागि भू-तथा जलाधार संरक्षण कार्यालय अर्घाखाँचीबाट वजेट विनियोजन भएकोमा उक्त विनियोजित रकमबाट मेस जाली लगाउने कार्य गर्न लेखि पठाउने ।

**(ख)** शितगंगा नगरपालिका नेपाल राष्ट्रिय अभिभावक संघ जिल्ला कार्य समिति अ.खा.को पत्रबाट जिल्ला अधिवेशनको लागि आर्थिक सहायता माग भई आएकोले आर्थिक सहायता शिर्षकबाट रु १५०००।- दिने

**(ग)** शितगंगा नगरपालिका वडा नं. १२ दमारे निवासी राम प्रसाद घिमिरेको मिति २०८०/४/९ गतेका दिन चट्याङमा परी मृत्यु भएकोले निजको परिवारलाई रु २५०००।- आर्थिक सहायता दिने ।

प्रमाणित प्रतिलिपी

**(घ)** शितगंगा नगरपालिका संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको सार्वजनिक प्रदर्शन हडताल तथा विरोधका कार्यकमबाट हुने क्षति भुल्याङ्कन सम्बन्धी कार्यविधि, २०७१ आजको बैठकमा जानकारी गराउने कार्य भएको ।

**(ङ)** शितगंगा नगरपालिका वडा नं. १३ निवासी श्री कुन्ती देबी भाट क्षेत्री लाई एक थान हुइल चियर उपलब्ध गराउने ।

(च) यस नगरपालिकाको वडा नं. ९ मा पर्ने रनसिङ खोला आइइई भई जिल्ला अनुगमन तथा राष्ट्रपति चुरे मधेश संरक्षण विकास समितिबाट सहमती प्राप्त गरी नदिजन्य पदार्थ उत्खन्न, संकलन र विकीको लागि सूचना प्रकाशन गर्दा समेत ठेक्का व्यवस्थापन हुन नसकेकोले तोकिएको क्षेत्र भित्रबाट कोही कसैले नदिजन्य पदार्थ घरेलु कामदरबाट जम्मा गरी लैजान चाहेमा वडा कार्यालयमा नियमानुसारको रोयल्टी बुझाई लैजान दिने ।

(छ) यस नगरपालिकाको वडा नं. ११ दुम्सीमा रहेको श्री दुम्सी आधारभुत विद्यालयको २ कोठे भवनमा लगाएको जस्ता पाता, डाँडाभाट र बलो समेत मिति २०८१/२/७ गते साझ आएको हुरीबतासको कारणले उडाई विद्यालयमा पठन पाठन गर्न कठिनाई भएकोले उक्त उडाएको विद्यालयको टिन छाना लगाउनको लागि प्रयोग हुन सक्ने स्थानीय सामाग्रीको प्रयोग गर्ने गरी लागत अनुमान तयार गरी ल.इ. बमोजिमको कार्य विपद् कोषबाट गर्ने ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन गरियो ।

प्रमाणित प्रतिलिपी